## प्रदेश सरकार (कार्यविभाजन) नियमावलि २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रः-

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य
२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
४. संघीय कानू बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
५. प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन रोकथाम, नियन्त्रण तथा समन्वय
६. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी
७. प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी
८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
९. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
१०. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीकहरुको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी
११. सामुदायिक प्रहरी
१२. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन
१३. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
१५. गुनासो र विवाद व्यवस्थापन
१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन
१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी
२०. अन्तरप्रदेश सम्बन्ध
२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा समपत्ति प्राप्ति सम्बन्धि प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
२२. स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय
२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२४. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

२५. उपाधि, सम्मान तथा विभूषणको सिफारिस

२६. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्दबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्बन्धी

२८. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी

२९. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन

३२. प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन

३४. साइवर सुरक्षा अनुगमन

३५. छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गिकरण, सञ्चालन र नियमन

३६. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण

३७. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन

३८. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी

३९. केबुल वितरणको इजाजत, नवीकरण र नियमन

४०. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

४१. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन